# यातना पीडितले क्षतिपुर्ति पाए

**नेपालगञ्ज, बाँके:** प्रहरी हिरासतमा यातना पाएका बाँके बेलासपुरका निजामुद्धिन शेष र बर्दिया मोतिपुरकी हरकली पुनले जिल्ला प्रशासन कार्यालय बाँकेबाट चैत ८ गते क्षतिपुर्ति रकम वापत क्रमशः रु ९५ हजार र रु ५१ हजार पाएका छन् । बाँकेका प्रमुख जिल्ला अधिकारी रबिलाल पन्थले अधिकारकर्मी, पत्रकार र कानून ब्यवसायीहरुको रोहवरमा क्षतिपुर्ति रकम प्रदान गरेका थिए ।

यातना पीडित निजामुद्धिन शेषद्धारा क्षतिपुर्ति रकम माग गर्दै जिल्ला प्रशासन कार्यालय बाँकेमा २०७२ पुस २० निवेदन दर्ता गराएका थिए भने हरकली पुनले २०७२ फागुन ९ गते निवेदन दायर गरेकी थिईन् ।

यातना पीडित निजामुद्धिन शेषको मुद्धामा ०७२ भदौ १५ गते पुनरावेदन अदालत नेपालगंजले बाँके जिल्ला अदालतको मिति ०७० जेठ १९ गतेको फैसलालाई सदर गर्दै रु ९५ हजार क्षतिपुर्ति दिलाउने निर्णय गरेको थियो भने हरकली पुनको मुद्धामा मिति २०७० माघ २ गते पुनरावेदन अदालत नेपालगंजमा पुनरावेदन दर्ता गराएकोमा सो अदालतले २०७२ आषाढ २३ मा शुरु अदालतकै फैसलालाई सदर गरेको थियो ।

हिरासतमा आफुलाई शारिरीक तथा मानसिक यातना दिएको भन्दै निजामुद्धिन शेषले यातना दिने कार्यमा संलग्न प्रहरीहरु उपर कानूनी कारवाही र क्षतिपुर्तिको मागदावी गर्दै ०६८ भदौ २० गते बाँके जिल्ला अदालतमा यातना क्षतिपुर्ति सम्बन्धि मुद्धा दायर गरेका थिए । उक्त मुद्धामा बाँके जिल्ला अदालतले प्रहरीले हिरासतमा यातना दिएको ठहर गर्दै रु ९५,०००/- क्षतिपुर्ति रकम भराई दिने फैसला गरेको थियो । जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासतमा राख्दा प्रहरीले चरम यातना दिएका कारण ओठ सुनिएको, छाती, मुख, खुट्टामा निलडाम र चोट लाग्नुका साथै मेरुदण्डको तल रहेका ५ वटा हड्डी मध्ये एउटा हड्डी L1 भाँचिदिएको घाजाँच प्रतिवेदनले देखाएको थियो ।

त्यसै गरी यातना पीडित हरकली पुनले हिरासतमा आफुलाई शारिरीक तथा मानसिक यातना दिएको भन्दै यातना दिने कार्यमा संलग्न प्रहरीहरु बिरुद्ध कानूनी कारवाही र क्षतिपुर्तिको मागदावी गर्दै २०६८ भाद्र ७ गते बाँके जिल्ला अदालतमा यातना क्षतिपुर्ति सम्बन्धि मुद्धा दायर गरेकी थिईन् । मिति २०७० जेष्ठ २७ गते उक्त मुद्दाको सुनुवाई गर्दै बाँके जिल्ला अदालतले प्रहरीले हिरासतमा यातना दिएको ठहर गरी रु ५१,०००/- क्षतिपुर्ति रकम भराई दिने फैसला गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय बाँकको हिरासतमा राख्दा प्रहरीहरुले कटवासको लट्ठीले हातको नाडी, पाखुरा, ढाड, पिठ्युँ, दुवै खुट्टाको साँप्रा, तिघ्रा, पैताला लगायत शरिरका बिभिन्न भागमा झण्डै २ घण्टा कुटपिट गरी जबरजस्ती अपराध स्वीकार्न लगाएका थिए । कुटपिटका कारण दाहीने हातको नाडी भाँचिएको, वायाँ हातको वीचका ३ वटा औंला वाङगो भएको र वायाँ हातको पाखुरा साथै शरिरभरि निलडाम रहेको घाजाँच प्रतिवेदनले देखाएको थियो ।

एड्भोकेसी फोरम नेपालले शुरुवात देखि नै यस मुद्धामा कानूनी सहायता प्रदान गर्दै आइरहेको छ । एड्भोकेसी फोरमको अनुसन्धान प्रतिवेदनले हालसम्म पनि १७ प्रतिशत हाराहारीमा प्रहरी हिरासतमा थुनुवाहरु माथि यातना तथा दूर्व्यवहार हुने गरेको देखाएको छ ।